# दरभाउ पत्र आव्हानको सूचना

## दिपायल सिलगढी नगर पालिका

## दिपायल सिलगढी नगर कार्यपालिकाको कार्यालय (स्वास्थ्य इकाई)

## डोटी

***औषधी तथा सर्जिकल सामान खरिद सबन्धी शीलबन्दी दरभाउपत्र आव्हानको सूचना***

प्रथम पटक प्रकाशित मिति: २०७५।०९।१०

१. यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरु बाट नि:शुल्क वितरण गर्न औषधी तथा सर्जिकल सामानहरु सिलबन्दी दरभाउपत्र द्वारा खरिद गर्नु परेकोले मिति २०७५।०९।१० देखि मिति २०७५।०९।२४ गते सम्म कार्यालय समय भित्र दरभाउ पत्र फारम दस्तुर रु १०००। (अक्षरेपी रु. एक हजार मात्र, पछि फिर्ता नहुने गरि ) तिरी चालु आ.ब.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाण पत्र, औषधी ब्यबसायी प्रमाण पत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाण पत्र, आ.ब. २०७४/०७५ को कर चुक्ता प्रमाण पत्र, समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न गरी रु.१०।- को टिकट टाँसी दरभाउ पत्र फाराम खरिद गर्न इच्छुक ब्यक्ति वा फर्म समक्ष यो सूचना प्रकाशित गरिएको छ। दरभाउपत्र फाराम यस कार्यालय मा निबेदन पेश गरी खरिद गर्न सकिनेछ।

२. दरभाउपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्के नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको दरभाउपत्र मान्य हुने छैन।

३. मिति २०७५।०९।२५ गते दिनको १२:०० बजे भित्र आफैंले खरिद गरेको दरभाउ पत्र रीतपूर्वक भरी सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका दरभाउ पत्रहरु सोही दिनको २:०० बजे दरभाउ पत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछन्। दरभाउ पत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

४. दरभाउ पत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम दाखिला गरेको सक्कलै भौचर **दिपायल सिलगढी नगर पालिकाको कार्यालय को रा.बा.बैंक,डोटी मा रहेको धरौटी खाता नं. ग ३०३६** मा जम्मा गरेको सक्कलै भौचर वा क बर्गको बैकबाट जारी भएको र दरभाउ पत्र खुल्ने मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) दरभाउ पत्रसाथ पेश गर्नुपर्नेछ। विदेशी बैंकको Bank Guarantee भएमा नेपाली बैंकबाट भएको हुनु पर्नेछ। स्वीकृत दरभाउ पत्रदाताले स्वीकृत जम्मा अंकको ३% ले हुने रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सोही अनुसार यस कार्यालयको नाममा जारी भएको परफरमेन्स वण्ड संम्झौता गर्नु अगावै पेश गर्नु पर्नेछ। नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन।

५. दरभाउ पत्र स्वीकृत हुदा प्याकेजको रुपमा वा आइटम वाईज दर स्वीकृत गर्न सकिनेछ। दरभाउ पत्रदाताले दरभाउ पत्रको आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ। संम्झौता हुदा औषधीको परिमाणमा थप घट हुन सक्नेछ। साथै दरभाउ पत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. दरभाउ पत्र साथ आपूर्ति गर्ने औषधीहरु WHO/GMP Certify Company बाट उत्पादित भएको नविकरण गरिएको प्रमाण पत्र, Surgical Items को हकमा नविकरण गरिएको । SO प्रमाण पत्र र अन्य कुराको हकमा प्राबिधिक प्रस्तावमा तोके बमोजिमको कागजातहरुको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेस गर्नुपर्नेछ।

७. सुई, धुलो र झोल औषधी बाहेक संर्पूण औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ। बोतलमा आपूर्ति हुने सबै औषधीहरु प्लाष्टिक बोतलमा हुनु पर्नेछ।

८. कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउ पत्र दाताले नै ब्यहोर्नु पर्नेछ।

९. आपूर्ति हुने औषधीको Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ। तर कुनै औषधीको Expiry Date १८ महिना भन्दा कम हुने अबस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ।

१०. सप्लाई हुने औषधी तथा अन्य सामानको प्रत्येक Strips/lebeling र प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर र **नेपाल सरकार द्वारा नि:शुल्क बितरणको लागि** भन्ने वाक्याँश उल्लेख भएको हुनुपर्नेछ।

११. सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार दरभाउ पत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नवाभिएको र ब्यबसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात दरभाउ पत्र साथ पेश गर्नु पर्नेछ ।

| सि.नं | सूचना नं | बिबरण | लागत अनुमान मू.अ.कर सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०७५/०७६ | औषधी तथा सर्जिकल सामानहरु खरिद | १५०००००। | ३७५००। | |

१२. बिदेशी औषधीको हकमा औषधी ब्यबस्था बिभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ ।

नेपाल सरकार दिपायल सिलगढी नगरपालिका नगर कार्यपालिका सिलगढी, डोटी ७ नम्बर प्रदेश नेपाल २०७३

**दिपायल सिलगढी नगर पालिकाको कार्यालय, डोटी**

नि.प्रमुख प्रशासकीय अधिकृत